**OVERSEAS NEPALESE UNITY FORUM (AUSTRALIA)**
australiaonuf@gmail.com | 0412603279
8 Anna Morgan Circuit, Bonner, ACT 2914, Australia

11th June 2022

श्रीमान अध्यक्षज्यू,
प्रवासी नेपाली एकता मञ्च, अष्ट्रेलिया ।

# साधारण सदस्य समेत नरहने गरी राजीनामा दिएको सम्बन्धमा

महोदय,
उपरोक्त सम्बन्धमा आजैका मितिदेखि लागू हुनेगरी मैले प्रवासी नेपाली एकता मञ्च अष्ट्रेलियाको साधारण सदस्य समेत नरहने गरी राजीनामा गरेको व्यहोरा यहाँमा अवगत गराउन चाहन्छु ।

जुन किसिमका विकृतिहरु हाम्रो संस्थामा मौलाउँदै गएका छन् तिनले मलाई मात्र होइन समग्र प्रवासी नेपालीहरुलाई नै चिन्तित तुल्याएको छ भन्ने मेरो ठम्याई हो ।

पछिल्लो समय हामी शुभेच्छुक रहेको नेपालको राजनीतिक दल नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीमा देखिएको विचलनले पनि मलाई यो कदम चाल्नका लागि थप प्रेरित गरेको कुरा यहाँ तपाईंहरु सामू राख्दा मलाई कुनै ग्लानी भएको छैन ।

स्थानीय निकायको निर्वाचनमा जुन किसिमबाट उम्मेद्वारहरुको छनोट भयो त्यसले पक्कै पनि धेरै म जस्ता शुभचिन्तकहरुलाई क्षुब्ध बनाएकै हुनुपर्दछ । यतिबेला सरकारमा रहेको दल नेकपा एकीकृत समाजवादीका मन्त्रीहरुलाई फिर्ता बोलाउने प्रक्रिया चलिरहेको छ । नेपालको सम्बृद्धी, विकास र स्थिरताको पक्षमा यस्तो कार्यले कुनै योगदान दिन नसक्ने कुरामा म ढुक्क छु । अझ त्यसमाथि जुन किसिमबाट नेतृत्वले केटाकेटी खेलाएजस्तो निर्णयहरु गर्नपुग्यो त्यो अझ बढी भत्र्सनायोग्य छ ।

कुनैपनि संगठनको आफ्नै पद्धति हुन्छ, त्यसका आफ्नै खाले संरचनाहरु हुन्छन् तर हिजो वर्तमान सरकारमा पठाइएका मन्त्रीहरुले गर्ने नियुक्ति, सरुवा बढुवा लगायतमा पनि कुनै जवाफदेहीता थिएन । अहिले पनि त्यसको अनेक रुपहरु देखिराखिएका छन् । यस्तोखाले नेताहरुलाई देशको बागडोर सुम्पदा पुग्न गएको गम्भीर असर समेतको ख्याल गरी पार्टीले फिर्ता बोलाउने निर्णय गर्न सक्छ त्यसमा दुईमत नहोला । तर, त्यसको पनि आफ्नै विधि, प्रक्रिया र पद्धति हुन्छ भन्ने हेक्कका मूल नेतृत्वलाई समेत नभएको पाउँदा म आफैं चकित बनेको छु ।

**OVERSEAS NEPALESE UNITY FORUM (AUSTRALIA)**
australiaonuf@gmail.com | 0412603279
8 Anna Morgan Circuit, Bonner, ACT 2914, Australia

अब, अष्ट्रेलियाको सन्दर्भ ।

हाम्रै संगठनको मातृपार्टीबाट सरकारको पर्यटन तथा नागरिक उड्डयन मन्त्री बनेका प्रेम आलेका गतिविधिबाट हामी प्रवासी सबै सजग नै छौं । केही समय अघि उनी अष्ट्रेलियाको भ्रमणमा आएका थिए । मन्त्रीजस्तो मान्छे एउटा कलेजको निमन्त्रणा माग्न लगाएर यहाँ आफ्नो पारिवारिक भ्रमणको लागि राज्यको श्रोतको दोहन गर्दै एक साता घुमेर जान्छ अनि संगठनका हामीलाई कुनै खबर समेत कतैबाट हुन्न भने त्यस्तो संगठनको के काम भन्ने कुरा मेरो मनमा त्यतिबेला आइरह्यो । कतै खबर आउला कि ? व्यक्तिगत भ्रमण मात्रै पो हो कि भन्ने अनेकन् तर्कनाहरु मैले गरें । तर, अहँ बरु निज मन्त्रीले यहाँका तस्कर, अवैध कार्यमा संलग्नहरुसँग हिमचिम गरेको तिनका लागि काम गर्दै गरेको भन्ने सूचनाहरु निरन्तर हामीमाझ आइरहे । तैपनि श्रोत कुरासम्म नपुगी यस विषयमा म मौन नै रहेको कुरा तपाईंहरुमाझ राख्न चाहन्छु । तर, हिजो सबै सिमाहरुलाई पार गर्दै मन्त्रीले कुनै एक व्यक्तिलाई आफ्नो गाउँको मान्छे भएको आधारमा तिनले किनिदिएको महँगो उपहार (घुस) आदिको प्रभावमा पर्दै अष्ट्रेलियाका लागि नेपाली पर्यटनदूत नियुक्त गरेको सुन्दा म यो समाचारलाई विश्वास गर्न सक्ने अवस्थामा भइनँ । तर, विश्वस्त श्रोतबाट उक्त समाचारको पुष्टि भएसँगै म यो गरिमामय संगठनको उपाध्यक्ष पदमा रहिरहनु उपयुक्त नहुने मलाई लागेको हो ।

अध्यक्षज्यू,

तपाईंलाई अवगत नै होला । हाम्रो संगठनले विधि, प्रक्रिया र पद्धति अनुसार नै अष्ट्रेलियामा रहेको नेपाली समाज र समूदायको हित गर्नका लागि के कसरी अघि बढ्न सकिन्छ भन्ने विषयमा लामै प्रतिवेदनसहित लेखेर केन्द्रमा पठाएको हो । तर, यी सबै कुरालाई फोहर फाल्ने डालोमा हाल्दै आफन्त, नातागोता अनि पैसाको प्रभावमा परी निर्णयहरु हुन्छन् भने हामी जस्ता ईमान्दार कार्यकर्ताहरुको के अर्थ रह्यो र ?

पुनः एकपटक अहिलेसम्मको सहकार्य, साथ सहयोगका लागि कमिटीका सबै साथीभाईहरुलाई मनैदेखि हार्दिक आभार व्यक्त गर्दै म अब प्रवासी नेपाली एकता मञ्चमा आबद्ध नरहेको र नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीसँग पनि मेरो कुनै साइनो सम्बन्ध नरहने व्यहोरा जाहेर गर्दै राजीनामा गरेको अवगत गराउन चाहन्छु ।

**प्रकाश सेढाई, उपाध्यक्ष,**
**प्रवासी नेपाली एकता मञ्च, अष्ट्रेलिया**